जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १८८ • २०८३ बैशाख १६ गते बुधवार • 29 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## सबै पालिका लगायत महासंघलाई ध्यानाकर्षण पत्र

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ बैशाख**



प्रेस स्वतन्त्रता र पत्रकारहरूको हकहित संरक्षणको मागसहित नेपाल पत्रकार महासङ्घले देशव्यापी रूपमा अघि बढाएको विरोध कार्यक्रम अन्तर्गत धनुषा जिल्लामा पनि सक्रियता बढाइएको छ। सोही अभियान अन्तर्गत नेपाल पत्रकार महासङ्घ धनुषाले जिल्ला समन्वय समिति मार्फत जिल्लाभरिका सबै नगरपालिका तथा गाउँपालिकाका साथै नगरपालिका र गाउँपालिका महासंघलाई ध्यानाकर्षण पत्र बुझाएको छ।

विशेषगरी संघीय सरकारले विज्ञापन सरकारी मिडियालाई मात्र दिने नीतिविरुद्ध महासंघले देशव्यापी रूपमा आवाज उठाउँदै आएको सन्दर्भमा धनुषामा पनि सोही विषयलाई प्रमुख रूपमा उठाइएको हो । पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहको नेतृत्वमा गएको टोलीले जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डललाई औपचारिक रूपमा ध्यानाकर्षण पत्र हस्तान्तरण गरेको हो । उक्त पत्रमार्फत पत्रकारहरूको सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता र सञ्चार क्षेत्रसँग सम्बन्धित विभिन्न चुनौतीहरूको समाधानका लागि स्थानीय तहको गम्भीर ध्यानाकर्षण गराइएको महासंघले जनाएको छ ।

साथै, सरकारी विज्ञापन वितरणमा विभेदकारी नीति अपनाइएको भन्दै त्यसको पुनरावलोकन गर्न माग गरिएको छ । ध्यानाकर्षण पत्रमा पछिल्लो समय पत्रकारमाथि बढ्दै गएको दमन, धम्की तथा असुरक्षाका घटनाप्रति चिन्ता व्यक्त गरिएको छ ।

स्थानीय सरकारहरूले पत्रकारमैत्री वातावरण निर्माण गर्न, सूचना प्रवाहलाई सहज बनाउन तथा सञ्चारकर्मीहरूको पेशागत अधिकारको सम्मान गर्नुपर्ने मागसमेत राखिएको छ । अध्यक्ष साहले वर्तमान परिस्थितिमा पत्रकारिता पेशा झन् चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्दै राज्यका सबै निकाय जिम्मेवार बन्नुपर्ने बताए । 'लोकतन्त्रको आधारस्तम्भका रूपमा रहेको स्वतन्त्र पत्रकारिता कमजोर भएमा समग्र शासन प्रणाली नै प्रभावित हुन्छ,' उनले भने ।

उनले संघीय सरकारको विज्ञापन नीतिले निजी तथा स्वतन्त्र मिडियालाई कमजोर बनाउने खतरा रहेकोसमेत औंल्याए ।

## झाको सक्रियतापछि ट्राफिक प्रहरीद्वारा कडाइ सुरु



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ बैशाख**

जनकपुरधामस्थित जानकी मन्दिर परिसरभित्र जथाभावी सवारीसाधन पार्किङ गरिएको विषयमा धनुषा-३ का प्रतिनिधिसभा सदस्य मनिष झाको सक्रियतापछि ट्राफिक प्रहरीले कडाइ सुरु गरेको छ। सांसद झाको आग्रहमा मन्दिर परिसरभित्र पार्किङ गरेर राखिएका सवारीसाधनहरूमा आजै लक लगाइएको हो ।

'जानकी मन्दिर पार्किङ स्थल नभई यो हाम्रो आस्था र पहिचानको केन्द्र हो,' सांसद झाले भने, 'आज ट्राफिकलाई आग्रह गरेर लक लगाउने काम गराइएको छ, ताकि अबदेखि यस्तो हेलचेक्राइ नहोस् ।' उनले मन्दिर परिसरभित्र सवारी राख्ने प्रवृत्ति बढ्दै जाँदा सम्पदाको गरिमा नै खस्किने खतरा रहेको उल्लेख गरे । 'अनुशासन कायम नगरी संरक्षण सम्भव हुँदैन । नियम उल्लंघन गर्नेलाई कडाइ आवश्यक छ,' उनले थपे ।

सांसद झाले विश्व सम्पदा सूचीमा सूचीकृत गराउने पहल भइरहेको अवस्थामा न्यूनतम व्यवस्थापन र अनुशासन अत्यावश्यक रहेको बताए । 'हामी विश्व सम्पदाको रूपमा स्थापित गराउने दिशामा अघि बढिरहेका छौं । तर, आफैंले संरक्षण गर्न सकेनौं भने त्यो प्रयास कमजोर हुन्छ,' उनले भने । स्थानीयका अनुसार मन्दिर परिसरमा बढ्दो सवारी चापले दर्शनार्थीलाई असहज बनाउँदै आएको छ। विशेषगरी भीडभाड हुने दिनमा अव्यवस्थित पार्किङले आवागमनमा समेत समस्या सिर्जना गर्ने गरेको छ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

## जातीय भेदभाव उन्मूलन गरौं ।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सदभाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरुको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूलय सिकाऔं ।

**जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# सामूहिक लक्ष्यको जरुरी

नेपालमा २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको गठन भएको देखिन्छ । सुरुआत देखि नै जनवादी क्रान्तिको आवश्यकता देख्यो र लक्ष बनायो । चर्चित झापा विद्रोह हुँदै नेकपा माओवादीले २०५२ सालबाट सशस्त्र विद्रोहको सुरुआत गर्‍यो । त्यो त्रासदीपूर्ण हिंसात्मक विद्रोहलाई बाह्रबु"दे सम्झौता मार्फत शान्तिपूर्ण र जनमतद्वारा शासन गर्ने युगमा माओवादी प्रवेश गरेका थिए । शान्तिपूर्ण मार्गमा प्रवेश गरेसँगै माओवादी अनगिन्ती फुटको भासमा भासिन पुग्यो । यस्तो हुनुमा संसदीय व्यवस्थाको मोहमात्रै होइन, मार्क्सवादी सिद्धान्तको जडता र समस्या प्रमुख कारण रहेका हुन् । अब माओवादी अध्यक्ष पुष्पकमल दाहाल राष्ट्रिय जनमोर्चा वा मोहनविक्रम सिंहपथमा आइपुगेको छ । उसो त सत्तासीन दल रास्वपामाथि विचार विहीनताको आरोप लाग्ने गरेका छन ।

त्यसको यथोचित जवाफ रास्वपाले नै दिँदै जाला, यद्यपि सिद्धान्त एकातिर र व्यवहार अर्कोतिर गर्नु पनि सिद्धान्तहीन बन्नु समान नै रहेको छ । सिद्धान्त र व्यवहार बीचको तीव्र अन्तर नै आजको वामपन्थी राजनीति र मार्क्सवादी दर्शन संकटमा पर्नुको मुख्य कारण हो । अब केवल 'कम्युनिस्ट' नाम र साइनबोर्डले मात्रै जनताको विश्वास जित्न सम्भव छैन । समयको पदचाप पछ्याउँदै जडता त्यागेर वैचारिक रूपान्तरण गर्नु अनिवार्य रहेका छन । तसर्थ, अव्यावहारिक शास्त्रीय समाजवादको साटो लोककल्याणकारी र उन्नत लोकतान्त्रिक राज्य निर्माणको सामूहिक लक्ष्य लिनु नै वामपन्थी राजनीतिको सुरक्षित भविष्य र अन्तिम विकल्प रहेको देखिन्छ ।

# लहानका किसानहरु विषादीरहित खेतीतर्फ आकर्षित हुँदै

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १५ बैशाख**



जर्सि ओभरसिज एड ( JOA) र केयर नेपालको आर्थिक सहयोगमा राष्ट्रिय कृषक समूह महासंघ, नेपाल तथा सामुदायिक वन उपभोक्ता महासंघको साझेदारी र लहान नगरपालिकाको समन्वयमा मुतनीखोला जलाधार क्षेत्रमा संरक्षण परियोजना प्रभावकारी रूपमा सञ्चालनमा रहेको छ ।

परियोजना अन्तर्गत ९ वटा सामुदायिक वन समूह र ३२ वटा कृषक समूह आबद्ध रहेका छन् । यस कार्यक्रमबाट ४०० घरधुरीका किसानले "किसान कार्ड" प्राप्त गरेका छन् । तीमध्ये धेरै किसानले चुरालठी निर्माण, सिलाइ-कटाइ, बाँसको हस्तकला, पशुपालन, कृषि उत्पादन तथा दुनाटपरी बनाउने जस्ता आयआर्जनमुखी गतिविधि सञ्चालन गर्दै आएका छन् । यसै क्रममा लहान नगरपालिका-१५ मोहनपुरस्थित सीता महिला कृषक समूह, मुत्नी कृषक समूह र बाबा पशुपालन कृषक समूहका सदस्यहरूका लागि संरक्षण पाठशालाअन्तर्गत विषादीरहित खेती प्रवर्द्धन सम्बन्धी स्थलगत तालिम सम्पन्न गरिएको छ ।

तालिममा तीन बाटै समूहका सदस्यहरू तथा भरोसियास सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो । तालिमका क्रममा सहभागीहरूले "झोलमल-१, झोलमल-२ र झोलमल-३" बनाउने व्यावहारिक सीप हासिल गरेका छन् । उक्त तालिमको मधेश प्रदेश सचिव यामुन प्रसाद यादवद्वारा स्थलगत निरीक्षण समेत गरिएको थियो । कृषि प्राविधिक गणेश कुशवाहा र स्थानीय सहजकर्ता वेदा कुमारी बस्नेतको सहकार्यमा तालिम सफलतापूर्वक सम्पन्न भएको हो।

झोलमल बनाउने मुख्य सामग्रीहरू : झोलमल-१: गाईको गहुँत, पानी, ताजा गोबर मल, ई.एम. झोल झोलमल-२: गाईको गहुँत, पानी, ई.एम. झोल झोलमल-३: विभिन्न वनस्पति (तितो, पिरो, अमिलो आदि), गाईको गहुँत, पानी, गोबर मल, ई.एम. झोल: झोलमल-१ बनाउन लाग्ने आवश्यक सामाग्रीहरु: ५० लिटरको ड्रम १६ लिटर गाइको गहुँत १६ लिटर सफा पानी १७ के.जी गाईको ताजा गोबर मल
१ लिटर ई. एम. झोल: झोलमल-२ बनाउन लाग्ने आवश्यक सामाग्रीहरु ५० लिटरको ड्रम २४.५ लिटर गाईको गहुँत २४.५ लिटर सफा पानी १लिटर ई. एम. झोल झोलमल-३ बनाउन लाग्ने आवश्यक सामग्रीहरु: ५० लिटरको प्लास्टिक ड्रम १७ केजी बनस्पतिहरु (तितो, पिरो, टरों, अमिलो, पर्पराउने खालको जस्तै तितेपाती, निम, बकाइनो, सिस्नु, बनमारा आदी) असुरो, केतुकी, १६ लिटर गाईको गहुत १६ लिटर सफा पानी १७ केजी गाईको ताजा गोबर मल १ लिटर ई. एम. झोल सहभागी किसानहरूले आगामी दिनमा आफ्नै घरमा झोलमल तयार गरी तरकारी बालीमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यस तालिमले स्थानीय किसानलाई विषादीरहित खेतीतर्फ आकर्षित गर्दै उत्पादन वृद्धि र स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# आत्महत्याका घटना गम्भीर सामाजिक संकटका रूपमा देखिदै



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ बैशाख**

मधेश प्रदेशमा आत्महत्याका घटना पछिल्लो समय गम्भीर सामाजिक संकटका रूपमा देखा पर्न थालेका छन् । प्रहरीको पछिल्लो तथ्याङ्कले दैनिक औसत ३ देखि ४ जनाले आत्महत्या गर्ने गरेको देखाउँछ । मधेश प्रदेश प्रहरी कार्यालयबाट उपलब्ध विवरण अनुसार पछिल्ला करिब तीन वर्षमा मधेश प्रदेशमा ३ हजार ३४८ जनाले आत्महत्या गरेका छन् । चालु आर्थिक वर्षमै ७९३ जनाले ज्यान गुमाइसकेका छन् । त्यसमा २८२ पुरुष, ३०४ महिला र २०७ बालबालिका रहेका छन् ।बालबालिकामध्ये पनि बालिकाको संख्या अत्यधिक देखिएको छ । हालसम्म १७२ बालिकाले आत्महत्या गरेको तथ्याङ्कले झन् चिन्ताजनक अवस्था उजागर गरेको छ ।

चालु आर्थिक वर्षमा सबैभन्दा बढी आत्महत्या सिरहा जिल्लामा (१३४) भएको छ । त्यसपछि, धनुषा (११२), सर्लाही (१११), रौतहट (१०९) रहेका छन् । सबैभन्दा कम पर्सा (६९) मा देखिएको छ । त्यस्तै, सप्तरीमा ८८, महोत्तरीमा ७७ र बारामा ९३ जनाले आत्महत्या गरेका छन् । आर्थिक वर्ष २०८१/०८२ मा १ हजार २६१ जनाले आत्महत्या गरेका थिए । त्यसमा ४७८ पुरुष, ४७२ महिला र ३११ बालबालिका थिए । तीमध्ये २४६ बालिका रहेका थिए । त्यस वर्ष सबैभन्दा बढी धनुषा (२०७) र सबैभन्दा कम पर्सा (१०९) मा घटना दर्ता भएका थिए । त्यसअघि आर्थिक वर्ष २०८०/०८१ मा १ हजार २९४ जनाले आत्महत्या गरेका थिए । यस वर्ष पुरुषको संख्या बढी (५५६) रहेको छ भने महिला ४७० र बालबालिका २६८ रहेका छन् । बालबालिकामध्ये २०१ बालिका थिए । सर्लाही (२०६) मा सबैभन्दा बढी र सप्तरी (११७) मा सबैभन्दा कम घटना भएका थिए । आत्महत्या दुरुत्साहनसँग सम्बन्धित घटनामा पनि प्रहरी सक्रिय देखिएको छ । पछिल्ला तीन वर्षमा ४९९ जनालाई पक्राउ गरी मुद्दा चलाइएको छ । चालु आर्थिक वर्षमा ११४, आर्थिक वर्ष २०८१/०८२ मा १८८ र २०८०/०८१ मा १९७ जनालाई कारबाही गरिएको मधेश प्रहरी कार्यालयका प्रमुख डीआईजी गोविन्द थापालियाले जानकारी दिए । मधेशमा आत्महत्याको मूल कारण बहुआयामिक छन् । बेरोजगारी, आर्थिक अभाव, पारिवारिक विवाद, मानसिक तनाव, दाइजो प्रथा, घरेलु हिंसा तथा प्रेम सम्बन्धसँग जोडिएका सामाजिक अवरोध प्रमुख कारकका रूपमा देखिएका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसन्धान अधिकृत अर्जुन खतिवडाका अनुसार पुरुषहरूमा बेरोजगारी, वैवाहिक सम्बन्धमा तनाव, लागुऔषध तथा मदिरा सेवन प्रमुख कारण हुन् भने महिलाहरूमा दाइजो प्रथा, घरेलु हिंसा र मानसिक दबाब मुख्य समस्या रहेका छन् । बालबालिका र किशोर किशोरीहरूमा पनि आत्महत्या दर बढ्दो छ । कम उमेरमै प्रेम सम्बन्धमा पर्ने, परिवारबाट अस्वीकार हुने, जबर्जस्ती विवाह गरिने जस्ता कारणले उनीहरू गम्भीर मानसिक तनावमा पर्ने गरेका छन् । यसबाहेक लागुऔषध प्रयोग र सामाजिक सञ्जालको दुरुपयोग पनि महत्वपूर्ण कारणका रूपमा देखिएको छ । इन्सेक मधेश प्रदेश प्रमुख राजु पासमानका अनुसार अन्तरजातीय विवाहप्रति समाजमा अझै स्वीकृति नहुनु पनि आत्महत्याको एक प्रमुख कारण हो ।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: लामो यात्राको योग छ
कर्कट: मनमा पछुतो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: आम्दानी हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक चिन्ता
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानको नयाँ प्रस्तावमा ट्रम्पको असन्तुष्टि

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ बैशाख



अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले वर्तमान तनाव अन्त्य गर्ने उद्देश्यले तेहरानले राखेको पछिल्लो कूटनीतिक प्रस्तावलाई अस्वीकार गर्ने संकेत गरेका छन् ।

सीएनएनको रिपोर्ट अनुसार, ट्रम्पले इरानको उक्त प्रस्तावमाथि असन्तुष्टि व्यक्त गरेका हुन् । इरानी प्रस्तावमा हर्मुज जलमार्गबाट हुने समुद्री यातायातलाई पुनः शुरू गर्ने उल्लेख छ। तर, आफ्नो विवादास्पद आणविक कार्यक्रमसँग सम्बन्धित महत्त्वपूर्ण विषयहरूलाई भने भविष्यमा छलफल गर्ने गरी थाती राख्न इरानले प्रस्ताव गरेको छ। सोमबार राष्ट्रिय सुरक्षा सहयोगीहरूसँगको उच्चस्तरीय ब्रिफिङमा राष्ट्रपति ट्रम्पले यसबारे आफ्नो आरक्षण व्यक्त गरेको स्रोतहरूले जनाएका छन् । प्रशासनिक अधिकारीहरूले इरानी आणविक संवर्द्धन र बम बनाउन मिल्ने युरेनियमको भण्डारको मुद्दालाई सम्बोधन नगरी महत्त्वपूर्ण जलमार्ग खोल्न दिँदा इरानमाथि रहेको अमेरिकी कूटनीतिक दबाब समाप्त हुने चिन्ता व्यक्त गरेका छन्। यद्यपि, जलमार्ग बन्द रहिरहँदा ऊर्जाको मूल्य बढ्ने र अमेरिकी इन्धनको लागत थप महँगो हुने जोखिम पनि उत्तिकै छ। सीएनएनका अनुसार, अमेरिकी प्रतिनिधिहरू इरानी सरकारभित्रको आन्तरिक कलहप्रति पनि सचेत छन् । इरानमा वास्तवमा कसको हातमा निर्णय लिने अन्तिम शक्ति छ भन्नेमा अमेरिका अझै स्पष्ट छैन ।

यसैबीच, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानको प्रस्ताव सोचेभन्दा केही सकारात्मक भए पनि त्यहाँको नेतृत्व र स्थिरतामाथि प्रश्न उठाएका छन् । उनले सर्वोच्च नेता मोज्तबा खामेनीको धार्मिक र राजनीतिक अधिकारमाथि प्रश्न गर्दै सोधेका छन्,'के उनीसँग वास्तवमै सर्वोच्च नेताको रूपमा काम गर्ने अख्तियारी छ ? के उनी आँफैले निर्णय गरिरहेका छन् वा उनको सट्टामा अरू कसैले ?' कूटनीतिक गतिरोधका बीच, इरानी विदेशमन्त्री अब्बास अराघचीले सोमबार मस्को पुगेर रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गरेका छन् । सो क्रममा अराघचीले मध्यपूर्वमा शान्ति वार्ता असफल हुनुको दोष वासिङ्टनमाथि थोपर्दै अमेरिकाको कडा अडान र अत्यधिक मागले गर्दा प्रगति हुन नसकेको दाबी गरे। ह्वाइट हाउसकी सहायक प्रेस सचिव ओलिभिया वेल्सले यी संवेदनशील कूटनीतिक छलफलहरू भएको पुष्टि गर्दै भनिन,'राष्ट्रपतिले भन्नुभएझैं, अमेरिकासँग सबै कार्डहरू सुरक्षित छन् ।

# बर्दिवासमा तीन दिने प्रशिक्षक प्रशिक्षण तालिम सुरु

ओपी साह
महोत्तरी, १५ बैशाख

मधेस प्रदेश आमसञ्चार प्राधिकरण द्वारा महोत्तरीको बर्दिवासमा तीन दिने प्रशिक्षक प्रशिक्षण (ट्रेनिङ अफ ट्रेनर्स–टीओटी) तालिम आज मंगल बार देखि सुरु भएको छ। सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि तथा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले आयोजित उक्त आवासीय तालिमको उद्घाटन मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले दीप प्रज्वलन गरी गर्नुभयो। मधेस प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा मन्त्री महतोले सञ्चार क्षेत्रलाई जिम्मेवार, तथ्यपरक र जनउत्तरदायी बनाउन यस्ता तालिम प्रभावकारी हुने बताउनुभयो। उहाँले सञ्चारकर्मी र प्रशिक्षकहरू लाई समयानुकूल दक्ष, सचेत र उत्तरदायी बनाउन प्रदेश सरकारले आवश्यक सहकार्य र सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। मन्त्री महतोले भन्नुभयो, “सञ्चार क्षेत्र लोकतन्त्रको महत्वपूर्ण आधार हो। समाजलाई सही सूचना, सशक्त विचार र सकारात्मक सन्देश दिन सक्षम जनशक्ति तयार पार्न यस्ता तालिम अत्यन्त आवश्यक छन्। कार्यक्रमका अध्यक्ष जितेन्द्र खड्गाले आमसञ्चार प्राधिकरणले मधेस प्रदेशमा सञ्चार क्षेत्रको व्यावसायिकता, विश्वसनीयता र क्षमता विकासलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो। उहाँले प्रशिक्षक उत्पादनमार्फत सञ्चार क्षेत्रलाई थप प्रभावकारी र गुणस्तरीय बनाउने लक्ष्य रहेको स्पष्ट पार्नुभयो। अध्यक्ष खड्गाले भन्नुभयो, “यो तालिम केवल प्रशिक्षणमा सीमित छैन, यसले प्रशिक्षक उत्पादन मार्फत दीर्घकालीन ज्ञान हस्तान्तरणको आधार तयार



गर्नेछ। दक्ष प्रशिक्षक तयार हुनु भनेको समग्र सञ्चार क्षेत्रलाई सुदृढ बनाउनु हो।”तीन दिनसम्म सञ्चालन हुने उक्त आवासीय तालिममा सञ्चार तथा आमसञ्चार सँग सम्बन्धित विषयमा सहभागीहरूलाई प्रशिक्षण, प्रस्तुति, अभ्यास तथा अन्तरक्रियामार्फत दक्ष बनाइने जनाएको छ। तालिममा मधेस प्रदेशका विभिन्न जिल्लाबाट सञ्चार कर्मी तथा सरोकारवालाहरूको सहभागिता रहेको छ।

कार्यक्रममा सहभागीहरूले यस्ता तालिमले सञ्चार क्षेत्रका चुनौती, अवसर र व्यावसायिक दक्षताबारे गहिरो बुझाइ विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

# अन्य जिल्लामा पनि सुकुमबासीको विवरण संकलन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ बैशाख




काठमाडौंको थापाथली, मनोहरा र गैह्रीगाउँको सुकुमबासी बस्ती हटाएसँगै अन्य जिल्लामा पनि सुकुमबासीको विवरण संकलन गर्न थालिएको छ। सुकुमबासीको विवरण संकलन गर्न सेना र प्रहरी सक्रिय देखिएका छन् । सुकुमबासीको समस्या समाधान र बस्ती व्यवस्थापन गर्ने कार्यक्षेत्र भूमि व्यवस्था, सहकारी र गरिबी निवारण मन्त्रालय र सहरी विकास मन्त्रालयअन्तर्गत पर्छ ।

तर, बर्दिया र उदयपुरमा सेनाले स्थानीय निकायसँग सुकुमबासी बस्ती र त्यहाँ बस्दै आएका मानिसहरुको विवरण माग गरेको छ। बाँकेस्थित बज्रदल गणका मेजर बोलेन्द्र कार्कीले बर्दियाका ८ वटा स्थानीय निकायलाई पत्राचार गर्दै अव्यवस्थित सुकुमबासी बस्तीको सम्बन्धमा अद्यावधिक विवरण पठाउन भनेका छन् । इमामनगर ब्यारेकका मेजरले लेखेको पत्रमा भनिएको छ, ‘बर्दियामा रहेका अव्यवस्थित सुकुमबासी बस्तीको सम्बन्धमा अद्यावधिक विवरण आवश्यक परेका हुँदा १४ गतेभित्र विवरण पठाइदिनु हुन...’ सेनाले विवरण मागेको पत्रमा नेपाल सरकारको शासकीय सुधारको १०० बुँदे कार्यसुचिमा सुकुमबासी तथा अव्यवस्थित बसोबासीको लगत तयार गर्ने विषय र बास्तविक सुकुमबासीलाई चरणबद्ध जग्गा उपलब्ध गराउने विषय कार्यान्वयनको चरणमा रहेको कुरा पनि उल्लेख छ ।

# 'थ्री इडियट्स'को सिक्वेलमा काम गर्दैछन् आमिर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ बैशाख



बलिउड अभिनेता आमिर खानका छोरा जुनैद खानको नयाँ फिल्म चाँडै रिलिज हुने तयारीमा छ । यो फिल्म आमिर खान प्रोडक्सनले निर्माण गरिरहेको छ । हालै आमिर खानले अमर उजाला डिजिटलसँग यस फिल्मबारे कुरा गरेका थिए । अन्तरर्वार्तामा आमिरलाई दादासाहेब फाल्केको जीवनीमा आधारित फिल्म बनिरहेको हो ? फिल्म कहाँ पुग्यो ? भनेर सोधिएको थियो । यसको जवाफमा उनले ३ इडियट्सको सिक्वेलको उल्लेख गरे ।

आमिर खानले भने, ‘दादासाहेब फाल्केको कथा धेरै प्रेरणादायी छ । राजकुमार हिरानी यसमा काम गरिरहेका थिए। राजुले फिल्मको तीन वटा ड्राफ्ट बनाए, तर उनी अझै पनि स्क्रिप्टसँग खुसी छैनन्, त्यसैले उनले यसलाई केही समयको लागि रोकेका छन्। सायद उनी पछि यसमा काम गर्नेछन् । उनी यतिबेला थ्री इडियट्सको दोस्रो भागमा काम गरिरहेका छन् । मैले कथा सुनेको छु । यो धेरै राम्रोसँग लेखिएको छ । हामी हाल त्यो स्क्रिप्टमा काम गरिरहेका छौं ।’

सिक्वेलमा कहानी १० वर्ष पछिको भएको उनले बताए । ‘राजकुमार हिरानी र अभिजातले कथालाई धेरै राम्रोसँग कल्पना गरेका छन् । त्यसैले, एक पटकफेरि म फुङ्सुक वाङ्डुको चरित्रमा प्रवेश गर्नुपर्नेछ,’ उनले भने। आमिर खानले 'थ्री इडियट्स'मा फुङ्सुख वाङ्डुको भूमिका निर्वाह गरेका थिए भने आर माधवनले फरहानको भूमिका निर्वाह गरेका थिए । शर्मन जोशी राजुको भूमिकामा थिए । फिल्ममा बोमन इरानी, करीना कपुर, मोना सिंह र जावेद जाफरी पनि थिए ।

# कीर्तिपुरमा ओमानसँग तीन वर्षपछि खेल्दै नेपाल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ बैशाख




आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत काठमाडौंमा भइरहेको शृंखलाको दोस्रो खेलमा नेपालले बुधबार ओमानसँग खेल्दै छ। ओमानसँग नेपालले ओडीआई फर्म्याटमा डेढ वर्षपछि खेल्दा घरेलु मैदान कीर्तिपुरमा तीन वर्षपछि खेल्दैछ । पछिल्लोपटक सन् २०२३ अप्रिलमा भएको एसीसी प्रिमियर कपमा नेपालले ओमानसँग कीर्तिपुरमा खेलेको थियो ।

उक्त खेलमा नेपालले खराब सुरुवात गर्दा कुशल मल्लले शानदार शतक प्रहार गर्दै नेपालको इनिङ उकासेका थिए भने उक्त खेल नेपालले जितेको थियो। यद्यपी मल्ल हाल नेपालको ओडीआई टोलीमा छैनन् । त्यसपछि नेपालले २०२४ को सेप्टेम्बरमा ओमानसँग अमेरिकामा खेलेको थियो जहाँ भने पराजित भएको थियो ।

त्यही शृंखलाको अर्को खेल भने रद्द भएको थियो। यस्तै यी दुई टोलीबीच लिग २ कै खेल कीर्तिपुरमा हुन लागेको भने ६ वर्षपछि हो । सन् २०२० मा ओमानले नेपाल आएर लिग २ खेलेको थियो। ती सबै खेलहरूमा ओमानको टोलीमा अधिकांश एउटै खेलाडीहरू थिए । यद्यपी २०२३ यता भने तीनजना खेलाडी मात्र अहिलेको टोलीमा छन् । यस अर्थमा नेपालले फेरिएको ओमानी टोलीसँग ओडीआई फर्म्याटमा पहिलोपटक खेल्दैछ ।

कप्तान रोहित पौडेलले ओमानविरुद्धको खेलमा पनि आफ्नो बेस्ट दिने बताएका छन् । ‘ओमान एकदम राम्रो टिम हो र हामी ओमानसँग पनि राम्रो खेल खेल्नेछौं’ रोहितले भनेका छन् । हालको लय अनि हेड टु हेडः लिग २ को अंकतालिकामा नेपाल र ओमान ठिक विपरित अवस्थामा छन् । ओमान तालिकाको शीर्ष ४ मा छ भने नेपाल बटम ४ मा अवस्थित छ ।

# झण्डै दुई तिहाइलाई अध्यादेशको सहारा: किन छलियो संसद् ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ बैशाख



दुई तिहाइ बहुमतनजिक रहेको सरकारले संसद् अधिवेशन अन्त्य गरेर संवैधानिक परिषद् सम्बन्धी अध्यादेशका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिबाट आह्वान भइसकेको संसद् अधिवेशनसमेत स्थगित गर्दै संवैधानिक परिषद् सम्बन्धी र सहकारी सम्बन्धी अध्यादेश ल्याएको हो ।

हाल सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याउनुमा मुख्यतः संवैधानिक परिषद्मा प्रधानमन्त्री बालेन्द्र शाह अल्पमतमा रहेको कारण मान्न सकिन्छ । यस अध्यादेशमार्फत परिषद्को अध्यक्ष र दुई जना सदस्यको उपस्थितिमा विभिन्न संवैधानिक आयोगका पदाधिकारी नियुक्ति गर्न सकिने व्यवस्था गरिएको छ। अर्थात्, सीधा अर्थमा भन्दा सर्वोच्च अदालतका प्रधानन्यायाधीशको सिफारिसमा आफूअनुकूल निर्णय गराउन सकिने देखिन्छ । मन्त्रिपरिषद् बैठकले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष ‘संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८३’ जारी गर्न सिफारिस गरेको हो । अध्यादेशमा गणपूरक संख्याको विषयसमेत उल्लेख गरिएको छ, जसअनुसार उपस्थित सदस्यहरूको बहुमतबाट दिइएको राय नै निर्णायक हुने भनिएको छ ।

अध्यादेशमा प्रधानमन्त्री, सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष र प्रधानन्यायाधीश सम्मिलित भएर नियुक्तिका लागि सिफारिस गर्न सकिने व्यवस्था गरिएको छ ।

# दाइजोविरुद्ध उपसभामुखको सराहनीय पहल

-केही दिनअगाडि नयाँ उपसभामुख रुवीकुमारी ठाकुरले दाइजोसम्बन्धी आफ्नो अडान सार्वजनिक गरेर यसलाई सम्पूर्ण रूपमा बहिष्कार गर्ने तथा दाइजो लिने र दिने विवाहमा आफू सहभागी नहुने जानकारी गराउनुभयो । यो अत्यन्तै सराहनीय धारणा हो। हुन त उहाँले दाइजोसम्बन्धी लिएको अडान कुनै पनि सभ्य समाजको साधारण आचरणमा पर्छ तर यस लेखमा उहाँको तारिफ गर्नुको एउटा छुट्टै पृष्ठभूमि छ । असंवेदनशील राजनीतिक नेतृत्वः माओवादी द्वन्द्वपश्चात् शान्ति प्रक्रिया सुरु भएपछि एउटा अनुसन्धानले के देखाएको थियो भने महिलामाथि हुने हिंसा नेपालमा बढ्दो छ । शान्ति प्रक्रियाद्वारा लैंगिक समानतालाई केही प्राथमिकता दिइए पनि सशस्त्र द्वन्द्वमा हिंसालाई सामान्यीकरण गर्ने हुँदा त्यसको सबैभन्दा धेरै नकारात्मक असर महिलालाई परेको रहेछ । महिलामाथि बढ्दो हिंसामध्ये दाइजो सम्बन्धित हिंसा प्रमुख देखिएको थियो ।

आधा जनसंख्याको भौतिक सुरक्षाका विषय संविधानभन्दा पनि महत्त्वपूर्ण हो कि जस्तो लागेर मैले प्रमुख दलहरूको बैठकमा महिला हिंसा अन्त्य गर्न राजनीतिक दलहरू आफैंले पहल गर्नुपर्ने धारणा राखें । त्यही समयताका संयोगले म एउटा त्यस्तो परियोजनामा संलग्न हुन पुगें, जसले सबै प्रमुख राजनीतिक दलहरूलाई एकै मञ्चमा राखेर नयाँ संविधानका विवादित विषयहरूमा सहमति खोज्ने पहल गर्थ्यो । आधा जनसंख्याको भौतिक सुरक्षाका विषय संविधानभन्दा पनि महत्त्वपूर्ण हो कि जस्तो लागेर मैले प्रमुख दलहरूको बैठकमा महिला हिंसा अन्त्य गर्न राजनीतिक दलहरू आफैंले पहल गर्नुपर्ने धारणा राखें । यस्तो संवेदनशील विषय समाधान गर्न गैरसरकारी संस्थाहरूको भर परेर मात्र हुँदैन भनेर जोड दिएँ ।

छलफलका क्रममा मधेशमा दाइजोको समस्या अत्यन्तै विकराल भएकाले यस विषयमा त्यहाँ सामूहिक अभियान चलाउनुपर्ने प्रस्ताव आयो । तर मधेशकेन्द्रित दलका केही प्रतिनिधिहरूले दाइजोका विषयमा सर्वदलीय अभियानमा जान मधेशको परिवेशमा सम्भव नभएको बताए। मैले बुझेअनुसार दाइजो अन्त्य गर्ने अभियान मधेशका ठूलाबडाको स्वार्थविपरीत हुन्थ्यो। यदि ठालुहरू रिसाए भने आफ्नो भोट घट्ने हो कि भन्ने चिन्ता मधेशका नेताहरूको थियो । यसै कारणले गर्दा दाइजो अन्त्य गर्ने राजनीतिक अभियान सञ्चालन हुन सकेन । जिउँदै जलाइएकी रिहानाः दाइजो समस्याप्रति राजनीतिक असंवेदनशीलताको परिणाम तुरुन्तै देखियो । सन् २०१४ मा जब काठमाडौंका विलासी होटलहरूमा महिला दिवस मनाइँदै थियो, नेपालगन्जबाट भने १९ वर्षीया रिहाना शेखलाई श्रीमान्ले जिउँदै जलाएको समाचार आयो। कारण थियो– दाइजो। उनका श्रीमान्ले रिहानाका परिवारसँग मोटरसाइकल, घडी र भैंसी माग गरेका थिए । जब त्यो माग पूरा भएन, श्रीमान्ले रिहानालाई शारीरिक यातना दिन थाले। उनी चुरोटले रिहानाका शरीरभरि पोलिदिन्थे । एक दिन त उनले रिहानालाई जलाइदिए । जबकि त्यतिबेला उनी सात महिनाकी गर्भवती थिइन्। यो समाचार पढ्दा सबैभन्दा हृदयविदारक सन्दर्भ के थियो भने– रिहानालाई जलाएपछि उनको परिवारले मर्नका लागि त्यत्तिकै कोठामा छोडेर हिँड्नु। उनी पीडामा रोएर कराएको सुनेपछि छिमेकीहरूले रिहानालाई बचाएका थिए। मरेको भए त सकिहाल्थ्यो (यो आफैंमा अत्यन्त दुःखद् विषय हुन्थ्यो) तर आगोले जलेको शरीर लिएर कुनै उपचारबिना ती रिहानाले कसरी पीडा सहिन् होला ?

रिहानाका श्रीमान् कुनै दलसँग आबद्ध भएकाले उनलाई भारत भगाइएको थियो । चर्चामा आएपछि केही राजनीतिक नेताहरू रिहाना भेट्न वीर अस्पताल गए। तर उनीहरूले न रिहानाका अपराधीहरूलाई समात्न पहल गरे, न त त्यसको जड दाइजो अन्त्यका लागि नै। बिचरा जलेकी गर्भवती रिहानाको वजन २० किलोमा झरेको रहेछ । केही व्यक्तिगत पहल गरेर उनलाई पोषणयुक्त खानाको व्यवस्था गरियो ।

तर रिहानालाई भेट्न गएका शक्तिशाली नेताहरूबाट उनको स्वास्थ्य उपचारका लागि पनि कुनै योगदान भएन। विगतमा दाइजोको समस्यामा नेताहरूको यस्तो असंवेदनशीलता देखेकाले नयाँ उपसभामुखले राख्नुभएको सामान्य अडान पनि सराहनीय लागेको हो। महिलामाथि हुने हिंसा नेपालमा बढ्नुको मुख्य कारण राजनीतिक दलहरूले महिला हिंसाका अपराधीहरूलाई संरक्षण गर्ने प्रवृत्ति पनि हो । यो समस्या नेतृत्वको कति कम प्राथमितामा परेको छ भन्ने विषय नेपाल सरकारसँग दाइजोबाट पीडित महिलाहरूको समष्टिगत तथ्यांङ्कसमेत पनि नभएकाले सन्दर्भले देखाउँछ । देशैभरि दाइजोको समस्याः यो समस्या नेतृत्वको कति कम प्राथमितामा परेको छ भन्ने विषय नेपाल सरकारसँग दाइजोबाट पीडित महिलाहरूको समष्टिगत तथ्यांङ्कसमेत पनि नभएकाले सन्दर्भले देखाउँछ ।मधेश मात्र होइन, दाइजोको समस्या देशैभरि छ। यसमा आफ्ना केही व्यक्तिगत प्रसंगहरू जोडेर चर्चा गर्ने कोसिस गरेकी छु । मैले भारतको प्रसिद्ध लेडी श्रीराम कलेजमा स्नातक पढ्ने मौका पाएकी थिएँ। त्यहाँकी प्रधानाध्यापिका मीनाक्षी गोपीनाथलाई खाँटी महिलावादी भनेर चिनिन्थ्यो। एक दिन उहाँले एसेम्बलीमा रिसाउँदै भन्नुभयो- 'यस्तो प्रतिष्ठित कलेजमा पढेर सक्षम भएपछि पनि आमाबुबालाई विवाहका लागि खर्च गर्न दबाब दिने भए, आफ्नो डिग्री च्यातिदिनू।' उहाँका अनुसार भारतमा हजारौं किसानले आफ्ना छोरीहरूलाई दाइजो दिन नसकेर आत्महत्या गरेका थिए । यदि पढेलेखेका महिलाहरूले पनि दाइजोको चलनमा परिवर्तन नल्याउने हो भने उनीहरूको डिग्रीको कुनै औचित्य हुँदैन । उहाँको धारणाले मेरो कलिलो युवा मनलाई अत्यन्तै प्रभावित पार्‍यो । मैले आफू र आफ्ना नजिकका साथीमा उहाँले भनेको विषय लागू गर्ने निर्णय गरें । दाइजो मात्र होइन, विवाहमा नै कुनै खर्च गरिएन भने सायद त्यसले आर्थिक रूपमा कमजोर परिवारमा छोरीको विवाहको खर्चका लागि सामाजिक दबाब कम हुन्थ्यो कि भन्ने लागेको थियो । कलेज सकिएको केही वर्षपछि विवाहको समय भयो ।


सबैभन्दा पहिला मेरी बाल्यकालदेखिकी साथीको पालो आयो । उनी सम्पन्न परिवारकी अत्यन्तै सक्षम इन्जिनियर थिइन् । कुनै खर्चै नगरी उनको विवाह गर्न त सम्भव भएन तर मेरो सुझाव अनुसार उनले विवाहमा अत्यन्त थोरै र सामान्य गहना लगाइन् । प्रायः विवाहमा छोरीहरूलाई खाट, दराज, सोफा सेट दिने चलन हुँदा उनले उपहारै दिने भए विवाहमा होइन, बरु पछि मलाई पैसा नै दिनु भनेर आफ्नो परिवारलाई भनिन् ।

हाम्रो उद्देश्य भनेको यदि सम्पन्न घरका सक्षम छोरीहरूले सीमित गहना लगाएर, केही दाइजो नलिई विवाह गरे भने विपन्न परिवारलाई पनि त्यसो गर्न सकिन्छ भन्ने उदाहरण मिलोस् भन्ने थियो। आफैं राम्रो कमाउने र चेतनशील भएकीले ती साथीमा दाइजोको कुरीतिविरुद्ध लड्ने बलियो आत्मविश्वास थियो ।

तर विवाहको केही हप्तापछि नै त्यो आत्मविश्वास समाप्त भयो। उनले मलाई भेटेर भनिन- 'तिमीले दिएको सल्लाह त बेठिक रहेछ । विवाहपछि श्रीमान्का केही आफन्तहरू त के-के ल्याएको रहेछ भनेर कोठामा हेर्न आए, त्यहाँ केही थिएन ।' उनका गहना पनि श्रीमान्का आफन्तले हेरेका रहेछन् । 'कति साना ? यति थोरै के लगाएको ?' भनेर साथीकी सासूलाई सुनाएका रहेछन्। सामाजिक दबाबमा आएर साथीकी सासूले 'आफूसँग थिएन भने हामीले नै दिएको ठूलो सेट लगाएको भए भइहाल्थ्यो नि' भन्नुभएछ । साथीले अनुभव गरे अनुसार- विवाहमा दिएको भनेको छुट्टै हुँदो रहेछ, पछि छोरीलाई जति दिए पनि त्यसको अर्थ हुँदो रहेनछ । विवाहमा नदिँदा बुहारी र उनको परिवारको इज्जत नै हुँदैन रहेछ ।नयाँ दुलही मेरी साथीलाई नयाँ परिवारबाट यस्तो धारणा सुन्नु परेर निकै चित्त दुखेछ र साह्रै तनाव भएछ । साथीले अनुभव गरे अनुसार- विवाहमा दिएको भनेको छुट्टै हुँदो रहेछ, पछि छोरीलाई जति दिए पनि त्यसको अर्थ हुँदो रहेनछ। विवाहमा नदिँदा बुहारी र उनको परिवारको इज्जत नै हुँदैन रहेछ । यति शिक्षित र आर्थिक रूपमा आत्मनिर्भर महिलाहरूको अवस्था त यस्तो छ भने अरूको के होला ? यसले के देखाउँछ भने गाउँमा मात्रै होइन, सहरमा पनि दाइजोको सामाजिक दबाब उत्तिकै व्याप्त छ। राजधानी काठमाडौंमै व्यापारिक मारवाडी घराना अहिले पनि निर्धक्क 'तिलक' को माग गर्छन्, उनीहरू धनी भएर होला, यसलाई कुनै अपराध नै मानिँदैन । जनजाति समुदाय, जसमा दाइजोको कुनै चलन नै थिएन, त्यहाँ पनि यो कुरीति सुरु भएको छ। जनवादी विवाहको विकल्प दिने वामपन्थी नेताहरू पनि आजकल दाइजो संस्कृतिलाई बढावा दिने भद्दा विवाहको आयोजक भएका गत साल जेन-जी विद्रोहमा भाइरल भएको भिडियोले देखाएको थियो । यी उदाहरणले मधेशमा मात्रै होइन, देशैभरि दाइजोको समस्या व्याप्त छ भन्ने देखाउँछ । समाजकै भाइरस- झट्ट हेर्दा विवाहमा आफूले सकेको उपहार छोरीलाई दिनु के गलत भयो भन्ने प्रश्न उठ्ला । तर यो हाम्रो समाजको थुप्रै उत्पीडनसँग जोडिएको छ । हाम्रो समाजमा 'छोरा होस्' भन्ने मान्यता यही दाइजोको बोझसँग मुख्य रूपमा सम्बन्धित छ । यही बोझबाट बाँच्नका लागि हाम्रो समाजमा कैयौं छोरीको गर्भमै हत्या पनि गरिन्छ, जुन आजकल बढेको पाइएको छ । एउटा अध्ययन अनुसार नेपालमा जनसंख्याको अनुपातमा हुनुपर्ने हरेक पचास महिलामा एक महिला गायब छन् । यस्तो अवस्थाले सम्पूर्ण महिलामा कस्तो मनोवैज्ञानिक असर पर्छ होला ?




**सांभार : कान्तिपुर ।**







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday